सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नम्बर १, नेपाल

प. स. :-२०७६/०७७
च. नं. :- १६९४

मिति : २०७६/०९/२१

## नयाँ विद्यालय खोल्ने तथा कक्षा थपका लागि माग गर्ने सम्बन्धी सूचना

यस शैक्षिक सत्र २०७७ सालमा नयाँ विद्यालय खोल्ने तथा कक्षा थप गर्ने सम्बन्धमा सामुदायिक, संस्थागत एवम् धार्मिक विद्यालय खोल्न चाहने ईच्छुक व्यक्ति वा संस्थाहरुले दुहवी नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत शिक्षा कार्यविधि २०७४ को अधिनमा रही सम्बन्धित वडा समितिको कार्यालयको सिफारिस लिई  शिक्षा कार्यविधि २०७४ को अनुसुची १ बमोजिमको ढाँचामा फारम भरी आजका मितिले ३० दिन भित्र यस दुहवी नगरपालिकाको कार्यालयमा देहाय बमोजिमका कगजातहरु संलग्न गरी दरखास्त पेश गर्नुहुन  सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै अन्य कुराहरु बुझ्नु परेमा दुहवी न.पा.को शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

<u>संलग्न गर्नुपर्ने कागजातहरु :</u>

१. गुठी अन्तर्गत विद्यालय संचालन गर्ने भए शैक्षिक गुठी विधानको स्वीकृत प्रतिलिपि
२. सम्बन्धित वडा समितिको सिफारिस ।
३. जग्गा वा भवन भाडामा लिएको भए कम्तीमा पाँच वर्षसम्मको लागि घर जग्गा धनीसंगको सम्झौता पत्र ।
४. प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

९।२१

... खनाल
उप-सचिव
शिक्षा युवा तथा खेलकुद शाखा